नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति-८५

## "मानव बेचबिखन तथा ओसारपसार कसूरमा संलग्न भारतीय नागरिक पक्राउ"



### प्रतिवादीको विवरण :-

**नाम:- टिंकु जैसवाल भन्ने अरुण कुमार जैसवाल**

**उमेर:- २८ बर्ष ।**

**वतन: देश भारत बिहार राज्य जिल्ला पूर्वी चम्पारण थाना पकरीया ग्राम पिपरा ।**

### विवरण:-

जाहेरवाली महिला परिवर्तित नाम २६ बबरमहल (३९२) लाई प्रतिवादी टिंकु जैसवाल भन्ने अरुण कुमार जैसवाल समेतले फेसबुक मार्फत कुराकानी गरी विरगंजमा Stage Dance Show गर्ने, प्रति Show रु.४०००।– (चार हजार) कमाई हुन्छ, खान बस्न समेत फ्रि हुन्छ, तिमिसँग आउने पैसा छैन भने लिन पठाईदिन्छु भनी प्रलोभनमा पारी मिति २०८१/१२/३० गते राती २१:१५ बजे काठमाडौँ कलंकी बाबा पेट्रोल पम्प नजिकबाट पीडितलाई पठाओ चढाई थानकोटसम्म लगी थानकोटबाट बसमा चढाई पर्सा स्थित नेपाल भारत सिमा विरगंजमा फुपु नाता पर्नेसँग विवाहको लागि भारत जान लागेको बहाना बनाई प्रतिवादीले आधार कार्ड समेत देखाएर नेपाल-भारत सीमा पार गराई भारतको बिहार मोतीहारी जिल्ला रक्सौल छौडादानो कठनौतियामा पुऱ्याई म्युजिकल आर्केस्ट्रा ग्रुप लेखेको घरमा राखि बिभिन्न ठाउँहरुमा दैनिक ५ ठाउँमा १७/१८ घण्टा सम्म आराम गर्न नदिई नाच्न लगाई यौन दुर्व्यवहार समेत गरी, विरामी हुँदा उपचार नगरी मोवाईल खोसी बन्धक बनाई जवरजस्ती काममा लगाईरहेको अवस्थामा माईती नेपालद्धारा उद्धार भई यस ब्युरोमा मानव बेचबिखन तथा ओसारपसारको कसूरमा कानून बमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोराको पीडितको जाहेरी दरखास्तको आधारमा प्रतिवादी टिंकु जैसवाल भन्ने अरुण कुमार जैसवाललाई खोजतलास गर्ने क्रममा मिति २०८२/०३/२३ गते जिल्ला पर्सा पोखरिया नगरपालिका- ०१ बाट पक्राउ गरी सम्मानीत जिल्ला अदालत काठमाडौँबाट ५ (पाँच) दिनको म्याद प्राप्त भई निज उपर थप अनुसन्धान भईरहेको ।

**मिति: २०८२/०३/२४ गते ।**

**सूचना अधिकारी**
**(नरेन्द्र कुँवर)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np